मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## ५० जनाले रक्तदान गरे

हेटौँडा, १६ जेठ/हेटौँडा उपमहानगरपालिका-१२ पान्तलेस्थित आधुनिक महिला जागृति बचत तथा ऋण सहकारी संस्था लिमिटेडको आयोजनामा सम्पन्न खुला रक्तदान कार्यक्रममा ५० जनाले रक्तदान गरेका छन् ।

रगत अभाव न्यूनीकरणमा सहयोग पुऱ्याउने उद्देश्यले आयोजित कार्यक्रममा १८ जना महिला र ३२ जना पुरुष गरी ५० जनाले रक्तदान गरेका हुन् । संस्थाकी अध्यक्ष सोममाया मोक्तानको अध्यक्षता तथा हेटौँडा उपमहानगरपालिका-१२ की वडा सदस्य गीता परियारको प्रमुख आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको थियो । नेपाल रेडक्रस सोसाइटी मकवानपुर जिल्ला शाखाको प्राविधिक सहयोगमा आयोजित रक्तदान कार्यक्रममा स्थानीयवासी तथा सहकारीका सदस्यहरूको उल्लेखनीय सहभागिता रहेको थियो । सहकारी संस्थाले सामाजिक उत्तरदायित्वअन्तर्गत आगामी दिनमा पनि यस्ता जनहितकारी तथा सामाजिक सेवामूलक कार्यक्रमलाई निरन्तरता दिँदै जाने प्रतिबद्धता व्यक्त गरेको छ ।

### बागमती प्रदेशको विकासमा केन्द्रित संघीय बजेट

# सडक, ऊर्जा, पर्यटन, शिक्षा र स्वास्थ्य क्षेत्रका योजनालाई प्राथमिकता

साझाकुरा संवाददाता

हेटौँडा, १६ जेठ/ संघीय सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि सार्वजनिक गरेको बजेटले बागमती प्रदेशलाई पूर्वाधार, सूचना प्रविधि, शिक्षा, स्वास्थ्य, पर्यटन, कृषि तथा शहरी विकासका महत्वाकांक्षी कार्यक्रम अघि सारेको छ ।

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले शुक्रबार संघीय संसद्को संयुक्त बैठकमा प्रस्तुत गरेको बजेटले काठमाडौं उपत्यकालाई आधुनिक महानगरका रूपमा विकास गर्ने, सूचना प्रविधिमा आधारित अर्थतन्त्र निर्माण गर्ने तथा पर्यटन र सेवामूलक क्षेत्रलाई नयाँ उचाइमा पुऱ्याउने लक्ष्य लिएको छ ।

सरकारले आगामी वर्षको बजेटमार्फत् बागमती प्रदेशलाई देशको प्रशासनिक केन्द्रमात्र नभई प्रविधि, शिक्षा, स्वास्थ्य, लगानी र नवप्रवर्तनको केन्द्रका रूपमा विकास गर्ने रणनीति अघि सारेको छ । विशेषगरी काठमाडौं उपत्यकाको दीर्घकालीन विकास, यातायात व्यवस्थापन, डिजिटल पूर्वाधार विस्तार तथा लगानीमैत्री वातावरण निर्माणलाई उच्च प्राथमिकतामा राखिएको छ ।

बजेटको महत्वपूर्ण घोषणामध्ये काठमाडौं उपत्यकाको समग्र विकासका लागि 'भिजन काठमाडौं २०४०' कार्यान्वयन प्रारम्भ गरिने योजना रहेको छ । यसअन्तर्गत् अन्डरपास, फ्लाइओभर, नदी करिडोर विकास, इन्टरसेक्सन सुधार, पार्क निर्माण, फोहोरमैला व्यवस्थापन तथा युटिलिटी डक्ट निर्माणका कार्यक्रम सञ्चालन गरिनेछ । उपत्यकामा विद्युतका तार भूमिगत गर्ने कार्यलाई समेत प्राथमिकता दिइएको छ ।

सरकारले काठमाडौंमा विद्युतीय सार्वजनिक यातायातलाई विस्तार गर्ने लक्ष्यसहित स्मार्ट अर्बन मोबिलिटी कार्यक्रम सञ्चालन गर्ने भएको छ । विद्युतीय बस, चार्जिङ स्टेशन, स्मार्ट बसपार्क तथा डिजिटल ट्र्याकिङ प्रणाली स्थापना गरी सार्वजनिक यातायातलाई व्यवस्थित बनाइनेछ । यसले काठमाडौं उपत्यकामा बढ्दो ट्राफिक जाम र प्रदूषण नियन्त्रणमा सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

सरकारले नेपाललाई कृत्रिम बुद्धिमत्ताको युगमा प्रवेश गराउने महत्वाकांक्षी घोषणा गर्दै काठमाडौंको स्युचाटारमा देशकै पहिलो 'सार्वभौम एआई कम्प्युट केन्द्र' स्थापना गर्ने घोषणा गरेको छ । हजारौं एआई प्रोसेसिङ युनिट खरिद गरी स्टार्टअप, अनुसन्धानकर्ता तथा उद्यमीलाई सहुलियतपूर्ण कम्प्युटिङ सुविधा उपलब्ध गराइने भएको छ ।

सरकारले एआई, फिनटेक, डिजिटल सेवा तथा सूचना प्रविधिमा आधारित उद्योगलाई प्राथमिकता दिने जनाएको छ । साथै नेपाल टेलिकमको आंशिक शेयर बिक्रीबाट प्राप्त रकम सूचना प्रविधि क्षेत्रमा लगानी गरिने नीति पनि बजेटमा समावेश गरिएको छ ।

बजेटले 'भिजिट नेपाल वर्ष २०८५' र 'नेपाल आरोग्य वर्ष २०२७' लाई सफल बनाउन पर्यटन पूर्वाधार र सेवामा व्यापक सुधार गर्ने लक्ष्य लिएको छ । उच्चस्तरीय रिसोर्ट तथा होटल निर्माणलाई



प्रोत्साहन गरिने, आरोग्य पर्यटनलाई प्रवर्द्धन गरिने तथा अन्तर्राष्ट्रिय बजारमा नेपालको पर्यटन ब्रान्डिङ गरिने उल्लेख छ ।

बागमती प्रदेशमा अवस्थित काठमाडौं, भक्तपुर, ललितपुर, चितवन तथा अन्य सांस्कृतिक र प्राकृतिक गन्तव्यलाई पर्यटन विकासको प्रमुख आधारका रूपमा अघि बढाउने नीति लिइएको छ । सरकारले विदेशी पर्यटकको बसाइ अवधि र खर्च बढाउने रणनीतिलाई समेत प्राथमिकता दिएको छ । सरकारले शिक्षा प्रणालीलाई विद्यालय केन्द्रित बनाउने तथा शैक्षिक गुणस्तर सुधारलाई प्राथमिकतामा राखेको छ विद्यालय पूर्वाधार विकास, शिक्षक क्षमता अभिवृद्धि, एआई तथा एड-टेकमा आधारित शिक्षण प्रणाली बिस्तार गर्ने योजना बजेटमा समेटिएको छ ।

उच्च शिक्षालाई अनुसन्धान, नवप्रवर्तन र ज्ञान उत्पादनको केन्द्रका रूपमा विकास गर्ने लक्ष्य लिइएको छ । सूचना प्रविधि, चिकित्सा, नर्सिङलगायतका विषयमा अध्ययन अवसर विस्तार गरिने तथा उद्योग र श्रम बजारसँग प्रत्यक्ष सम्बन्धित सीपमूलक शिक्षा प्रणालीलाई प्रोत्साहन गरिने भएको छ ।

स्वास्थ्य क्षेत्रमा बागमती प्रदेशका प्रमुख स्वास्थ्य संस्थालाई अन्तर्राष्ट्रिय स्तरमा विकास गर्ने योजना बजेटमा समावेश गरिएको छ । त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान र राष्ट्रिय चिकित्सा विज्ञान प्रतिष्ठानलाई अन्तर्राष्ट्रियस्तरका शिक्षण तथा स्वास्थ्य संस्थाका रूपमा विकास गरिने उल्लेख छ ।

सरकारले सातवटै प्रदेशका प्रमुख सरकारी अस्पताललाई क्रमशः शिक्षण अस्पताल तथा विशिष्टीकृत स्वास्थ्य सेवा केन्द्रमा रूपान्तरण गर्ने घोषणा गरेको छ ।

बजेटमा हेटौँडा नारायणगढ सडक खण्डको ४ लेन सडक आगामी आर्थिक वर्षदेखि सुरु गरिने उहाँले बताउनुभयो । उक्त कार्यका लागि सरकारले ३७ अर्ब बजेट व्यवस्था गर्ने घोषणा गरेको हो । काठमाडौं तराई मधेश द्रुतमार्ग (फास्ट ट्र्याक) मा आगामी वर्षमा ४० वटा पुल र ५.४ किमिको सुरुङ निर्माण सम्पन्न गर्ने लक्ष्य लिएको छ यस आयोजनाका लागि आगामी आर्थिक वर्षका लागि १७ अर्ब ६४ करोड रुपैयाँ विनियोजन गरिएको छ ।

त्यसैगरी सरकारले निर्माणाधीन प्रसारणलाइन र सवस्टेशन निर्माण गर्न ७० अर्ब रुपैयाँ बजेट विनियोजन गरेको छ । आगामी आर्थिक वर्षमा हेटौंडा-ढल्केवर प्रसारण लाइन आगामी आवमा निर्माण गरिने भएको छ । त्यसैगरी ग्रीन हाइड्रोजनको व्यावसायीक उत्पादन सुरु गर्न सरकारले हेटौँडामा २५ मेगावाटको ग्रीन हाइड्रोजन प्लान्ट स्थापना गर्ने भएको छ ।

सरकारले भरतपुर विमानस्थलको विस्तार गरी रात्रिकालीन उडान सुरु गर्ने बजेटमा घोषणा गरेको छ भने मानव विकास सूचकांकमा पछाडि परेका चेपाङ समुदायका लागि चितवनमा आवासीय नमूना विद्यालय सञ्चालन चितवनबाट नै सुरु गर्ने भएको छ । सरकारको बजेटले विभिन्न सुरुङमार्गको अध्ययन र निर्माण गर्ने घोषणा गरिएको छ । धादिङको नागढुंगा-मुग्लिन सडक खण्डको स्तरोन्नति र नागढुंगा सुरुङमार्ग आगामी साउनदेखि सञ्चालनमा ल्याउने सरकारको योजना रहेको छ । बाँकी पृष्ठ-३....

# बागमतीमा एकहजार छसय ५८ सवारी दुर्घटना, दुईसय ८१ ले गुमाए ज्यान

साझाकुरा संवाददाता

हेटौँडा, जेठ १६ गते/ बागमती प्रदेशमा चालु आर्थिक वर्षको वैशाख मसान्तसम्म एकहजार छसय ५८ सवारी र्दुघटना भएका छन् । प्रदेश प्रहरी कार्यालय बागमतीका अनुसार उपत्यका बाहेकका १० जिल्लामा बितेका दश महिनामा दुईसय ८१ जनाले ज्यान गुमाएका छन् भने तीनहजार दुईसय ९६ जना घाइते भएका छन् ।

गत आर्थिक वर्ष २०८१/०८२ मा यी दश जिल्लामा २ हजार ४२२ सवारी दुर्घटना हुँदा ३०४ जनाको मृत्यु भएको थियो । यस्तै आर्थिक वर्ष २०८०/०८१ मा १ हजार ५३६ सवारी दुर्घटना भएको थियो । जसमा ३१५ जनाले ज्यान गुमाएको तथ्याकंले देखाएको छ । तथ्याकंका अनुसार आर्थिक वर्ष २०८१/०८२ को तुलनामा अघिल्लो वर्ष मृतक संख्या ११ ले कम हो ।

त्यस्तै अघिल्लो आर्थिक वर्ष २०८०/०८१ मा १ हजार ५३६ सडक दुर्घटना भएका थिए । गत आर्थिक वर्ष २०८१/०८२ मा २ हजार ४२२ दुर्घटना भएका छन् । जसअनुसार अघिल्लो आर्थिक वर्षको तुलनामा गत आर्थिक वर्षमा ८३६ घटना बढी भएको प्रदेश प्रहरी कार्यालयको तथ्यांक छ । चालु आर्थिक वर्षको वैशाख मसान्त सम्ममा १ हजार ६५८ सवारी र्दुघटना भएका छन् ।




बागमतीको चितवनमा सबैभन्दा धेरै सवारी दुर्घटना हुने गरेको तथ्यांक छ । गत आर्थिक वर्षमा सवारी दुर्घटनाका कारण चितवनका मात्रै १२० जनाले ज्यान गुमाएका छन् । यसवर्ष यहाँ ज्यान गुमाउनेको संख्या ८९ पुगेको छ ।

दश महिनामा यहाँ ४८४ सवारी दुर्घटना भएका छन् । यहाँ ८७ जना गम्भीर घाइते भएका छन् भने ८०९ जना सामान्य घाइते भएको प्रहरीको तथ्यांक छ ।


दुर्घटनाको कारण ज्यान गुमाउनेको संख्या धेरै रहनेमा चितवन पछि मकवानपुर छ । यहाँ गत आ.व. मा ४०७ सवारी दुर्घटनामा परेर ५० जनाले ज्यान गुमाएका थिए । यसवर्ष मकवानपुरमा ५३ जनाको मृत्यु भएको छ । हालसम्म ३३२ सवारी र्दुघटना हुँदा ८५ जना गम्भीर घाइते भएका छन् भने, थिए भने ६२४ जना सामान्य घाइते भएका छन् ।

त्यसो रसुवामा सबैभन्दा कम ८७ वटा सडक दुर्घटना हुँदा ३ जनाको मृत्यु भएको छ । गत आ.व.मा यहाँ ४ जनाको मृत्यु भएको थियो । यस्तै, यो वर्ष सिन्धुलीमा १२२ वटा सडक दुर्घटनामा २२ जनाको मृत्यु भएको छ भने, रापेछापमा ३९ वटा सडक दुर्घटनामा परेर २४ जनाको मृत्यु भएको छ । यस्तै, दोलखामा ४७ सडक दुर्घटना हुँदा १० जनाको मृत्यु, काभ्रेमा १ सय २८ सडक दुर्घटना हुँदा १६ जनाको मृत्यु भएको प्रदेश प्रहरी कार्यालय बागमतीले जनाएको छ ।

सिन्धुपाल्चोकमा ११६ सडक दुर्घटनामा १८ जनाको मृत्यु, नुवाकोटमा ९८ वटा सडक दुर्घटनामा ८ जनाको मृत्यु, धादिङमा २०५ वटा सडक दुर्घटना हुँदा ३८ जनाको मृत्यु भएको छ ।

बागमतीमा गत आर्थिक वर्ष र यस आर्थिक वर्षमा दुर्घटनामा परेका सवारीमध्ये दुई पांग्रे सवारीको संख्या बढी रहेको प्रदेश प्रहरी कार्यालयले जनाएको छ । कार्यालयको तथ्यांक अनुसार दुर्घटना भएको सवारी संख्या मध्ये गत आर्थिक वर्षमा कुल १ हजार ९७२ र यस आर्थिक वर्षमा १ हजार ३५० दुई पांग्रे सवारी मात्रै रहेको छ । जसमा पनि मोटरसाईकलको संख्या धेरै रहेको तथ्याकंले देखाएको छ ।



साझाकुरा

## हाम्रो कुरा

# संस्कृतिको स्वाद र पहिचानको उत्सव

हेटौंडामा पहिलोपटक आयोजना गरिएको 'नेवा: फुड फेस्टिवल तथा विविध सांस्कृतिक कार्यक्रम-२०८३' केवल खानाका परिकारहरूको मेलामात्र होइन, यो नेपालको मौलिक सांस्कृतिक सम्पदाको संरक्षण र प्रवर्द्धन गर्ने महत्वपूर्ण अभियान पनि हो । आधुनिकता र विश्वव्यापीकरणको प्रभावसँगै परम्परागत संस्कृति, भाषा, कला र खानपान क्रमश: ओझेलमा पर्दै गइरहेको अवस्थामा यस्ता कार्यक्रमले मौलिक पहिचानलाई जीवन्त राख्ने महत्वपूर्ण भूमिका खेल्छन् । नेपाल बहुभाषिक, बहुजातीय र बहुसांस्कृतिक देश हो । यस विविधताभित्र नेवार समुदायले कला, वास्तुकला, संस्कृति, पर्व र परिकारका माध्यमबाट विशिष्ट पहिचान निर्माण गरेको छ । योमरी, चतामरी, बारा, छोइला र सामयबजीजस्ता परिकार केवल खानाका परिकार होइनन्, ती नेवार सभ्यता, इतिहास र जीवनशैलीका प्रतीक पनि हुन् । यस्ता परिकारलाई नयाँ पुस्तासम्म परिचित गराउने र व्यापक समाजमा प्रवर्द्धन गर्ने माध्यमका रूपमा फुड फेस्टिवलको महत्व अझ बढेको छ ।

सांस्कृतिक संरक्षण केवल पुस्तक वा संग्रहालयमा सीमित हुन सक्दैन । संस्कृति तब जीवित रहन्छ, जब त्यो व्यवहार, उत्सव र सामाजिक जीवनमा निरन्तर अभ्यास गरिन्छ । फेस्टिवलमा प्रस्तुत गरिएका नेवारी भेषभूषा, झाँकी, परम्परागत नृत्य, गीत-संगीत तथा कला प्रदर्शनले समुदायको गौरवशाली परम्परालाई प्रत्यक्षरूपमा अनुभूति गराउने अवसर प्रदान गरेको छ । यसले नयाँ पुस्तामा आफ्नै संस्कृतिप्रति रुचि र अपनत्व बढाउन मद्दत पुऱ्याउँछ । यस्ता कार्यक्रमको अर्को महत्वपूर्ण पक्ष आर्थिक र पर्यटन प्रवर्द्धन हो । सांस्कृतिक पर्यटन विश्वभर लोकप्रिय बन्दै गएको छ । विदेशी तथा आन्तरिक पर्यटकहरू स्थानीय संस्कृति, खानपान र परम्परागत जीवनशैली अनुभव गर्न रुचाउँछन् । हेटौंडामा आयोजित यस फेस्टिवलले स्थानीय व्यवसाय, होटल, रेष्टुरेन्ट तथा घरेलु उत्पादनलाई समेत सकारात्मक प्रभाव पार्न सक्छ । सांस्कृतिक गतिविधिलाई पर्यटनसँग जोड्न सकियो भने यसले स्थानीय अर्थतन्त्रलाई थप चलायमान बनाउनेछ । हेटौंडा उपमहानगरपालिका र वडा कार्यालयको सहयोगमा कार्यक्रम सञ्चालन हुनु सकारात्मक पक्ष हो । संस्कृति संरक्षण केवल समुदायको दायित्वमात्र होइन, राज्य र स्थानीय सरकारको पनि साझा जिम्मेवारी हो । यस्ता कार्यक्रमलाई निरन्तरता दिन सकिए हेटौंडालाई सांस्कृतिक गतिविधिको महत्वपूर्ण केन्द्रका रूपमा विकास गर्न सकिने सम्भावना पनि बलियो बन्न सक्छ ।

यद्यपि, संस्कृति संरक्षणका नाममा केवल औपचारिक कार्यक्रम आयोजना गरेर मात्र पुग्दैन । यस्ता अभियानलाई दीर्घकालीन रूपमा विद्यालय, समुदाय र स्थानीय नीति निर्माणसँग जोड्न आवश्यक छ । भाषा, परम्परा, कला र खानपानको दस्तावेजीकरण तथा पुस्तान्तरणलाई पनि समान महत्व दिनुपर्छ । 'नेवा: फुड फेस्टिवल' ले संस्कृति केवल विगतको सम्झना होइन, वर्तमानको जीवन्त सम्पत्ति र भविष्यको पहिचान पनि हो भन्ने सन्देश दिएको छ । नेपालको मौलिक विविधतालाई जोगाउन यस्ता कार्यक्रमहरू अझ व्यापक, नियमित र प्रभावकारी रूपमा सञ्चालन हुन आवश्यक छ । संस्कृतिको संरक्षणले मात्र हाम्रो राष्ट्रिय पहिचानलाई बलियो बनाउनेछ र भावी पुस्तालाई आफ्नो मौलिकताको गर्व गर्न सक्ने आधार प्रदान गर्नेछ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८३ जेठ १८ गते सोमबार १ जुन २०२६ । प्रतिपदा, जेठ कृष्णपक्ष । अनलागा ११४६ ने.सं. । सूर्योदय ५:१० सूर्यास्त ६:५४। वन उपभोक्ता दिवस । अभिभावक दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : मन प्रसन्न रहनेछ | **तुला** | : परिवारमा सुखद माहौल रहनेछ |
| **वृष** | : विरोधी परास्त हुनेछन् | **वृश्चिक** | : स्थिति अनुकूल बन्नेछ |
| **मिथुन** | : व्यापारमा लाभ हुनसक्नेछ | **धनु** | : प्रेम सम्बन्ध प्रगाढ हुनेछ |
| **कर्कट** | : काममा सफलता मिल्नेछ | **मकर** | : अहंकारको भावले काम विगार्नेछ |
| **सिंह** | : अधुरा कामहरु पूरा हुनेछ | **कुम्भ** | : धार्मिक कार्यको अवसर मिल्नेछ |
| **कन्या** | : स्वास्थ्यको समस्या आउनेछ | **मीन** | : व्यापार राम्रो चल्नेछ |

# बौद्ध विश्वविद्यालय, चिकेनरोस्ट र हाम्रो सोच



✍ वसन्त आचार्य

सरकारको प्राथमिकताका कुराहरूमा सुझाव राख्दै सत्तापक्षका एक माननीयले लुम्बिनी बौद्ध विश्वविद्यालयले 'हस्पिटालिटी म्यानेजमेन्ट' विषय अध्यापन गराएको कुराप्रति नकारात्मक टिप्पणी गरेको सुनियो । 'बौद्ध विश्वविद्यालयले विद्यार्थीलाई चिकेनरोस्ट पकाउन लगाएको' भन्ने उहाँको व्यङ्ग्य थियो । विश्वविद्यालयहरूले नाम अनुसार काम गर्ने कि समयको माग अनुसार ? भन्ने प्रश्न यो प्रसङ्गले उठाएको छ ।

सत्तापक्षकै बलशाली सांसदले सरकारका प्राथमिकताका कुराहरूमा टिप्पणी गरेका कारण सम्भवत: उहाँले भने जस्तै गरी विश्वविद्यालयको पुनर्संरचना गर्ने कुरा अगाडि आउन सक्ला । अहिले विश्वविद्यालय पुनर्संरचना गर्ने भन्ने कुरा जोडतोडले उठिरहेको छ । विद्यमान केही बेथितिहरूलाई रोक्नका लागि यो आवश्यक पनि छ ।

तर हामीले गर्ने पुनर्संरचनाले विश्वविद्यालयलाई नयाँ मोडमा लैजान्छ कि फेरि पुरानै अवस्थाभन्दा झन् जटिल बनाउँछ भन्ने कुराका बारेमा भने वस्तुनिष्ठ भएर विश्लेषण गर्नुपर्ने देखिन्छ । हामीले सतही रूपमा अध्ययन गरेर बोल्दा र बोलेको कुरालाई सरकारको नीतिमा प्रतिबिम्बित गर्दा त्यसको दूरगामी प्रभाव के पर्छ भन्ने बारेमा पनि गहिरोसँग हेक्का राख्नुपर्छ ।

नेपालमा हाल उच्च शिक्षाका लागि २९ वटा शैक्षिक संस्था छन् । जसमा १५ वटा राष्ट्रिय विश्वविद्यालय, ६ वटा प्रादेशिक विश्वविद्यालय र ८ वटा स्वास्थ्य विज्ञान प्रतिष्ठानहरू रहेका छन् । हाल सञ्चालनमा रहेका विश्वविद्यालयमध्ये नेपाल संस्कृत विश्वविद्यालय र लुम्बिनी बौद्ध विश्वविद्यालय अलिक विशिष्ट प्रकृतिका विश्वविद्यालय हुन् ।

नेपालकै दोस्रो विश्वविद्यालयका रूपमा २०४३ सालमा स्थापना भएको नेपाल संस्कृत विश्वविद्यालय विद्यार्थी विनाको विश्वविद्यालयका रूपमा रूपान्तरित हुने अवस्थामा पुगेको छ । संस्कृत विषयमा नयाँ पुस्तालाई आकर्षित गर्न नसक्दा हरेक वर्ष विद्यार्थी संख्याको ग्राफ निरन्तर ओरालो लागिरहेको छ । पूर्वीय दर्शनको केन्द्रका रूपमा संसारभरि नै स्थापित हुनसक्ने विश्वविद्यालय किन अहिलेसम्म आकर्षणको केन्द्र बन्न सकेन ? हामीले यस विषयमा अध्ययन गऱ्यौं कि गरेनौं ? मूलभूत कुरा यही नै हो ।

कतै नेपाल संस्कृत विश्वविद्यालयले जस्तोसुकै जटिलतामा पनि रुढि भएर संस्कृत बाहेकका कार्यक्रमहरूमा हात हाल्नुहुँदैन भनेर यस्तो भएको त होइन ? विश्व समुदायसँग प्रतिस्पर्धा गर्न खोजिरहेको आजको पुस्तालाई भाषामा मात्र अड्याउन खोज्दा साँघुरो देखेर तर्सेका त होइनन् ? एक समय आईएस्सी अध्यापन गराउँदा विश्वविद्यालयमा विद्यार्थीको चाप निकै बढेको थियो । विज्ञान अध्ययन गर्ने विद्यार्थीले संस्कृत समेत अध्ययन गर्थे । यसले नयाँ पुस्तालाई तान्ने काम गरिरहेको थियो ।

विद्यार्थीमैत्री संस्कृत शिक्षा कतै आजको आवश्यकता त होइन ? परम्परागत ज्ञानको दायरालाई फराकिलो बनाउँदै आधुनिक प्रविधि र व्यावहारिक सीपसँग संस्कृत शिक्षालाई जोड्न नसक्नु नै आजको मुख्य चुनौती हो । वास्तवमा, शिक्षा भनेको जडता होइन, यो त समयको प्रवाहसँगै परिष्कृत हुँदै जाने एक गतिशील प्रक्रिया हो ।

लुम्बिनी बौद्ध विश्वविद्यालयले होटल व्यवस्थापन र पर्यटन विषय अध्यापन गराउनु हुन्छ वा हुँदैन ? अथवा नेपाल संस्कृत विश्वविद्यालयले अन्य कुनै संस्कृत बाहेकका कार्यक्रम सञ्चालन गर्दा त्यसले संस्कृत भाषालाई ओझेलमा पार्छ वा पार्दैन ? आज कृषि र वन विज्ञान विश्वविद्यालयको समेत आकार खुम्चिंदै गएको छ । यसका बारेमा मन्थन जरूरी छ । हामीले प्राज्ञिक संस्थाहरूलाई समयसापेक्ष बनाउन नसक्दा भोग्नुपरेको यो गतिरोधलाई चिर्न अब ढिला भइसकेको छ ।

परम्परागत ज्ञानलाई आधुनिक प्रविधिसँग जोडेर अघि बढ्ने आँट नगर्ने हो भने हाम्रा विश्वविद्यालयहरू डिग्री बाँड्ने थलोमा सीमित हुनेछन् । तसर्थ, पाठ्यक्रममा आमूल परिवर्तन गर्दै अन्तर्राष्ट्रिय स्तरको गुणस्तर कायम गर्नुपर्ने चुनौतीलाई अवसरका रूपमा लिनु नै आजको अपरिहार्य आवश्यकता हो ।

जुन उद्देश्यले विश्वविद्यालय खोलिएको हो, सो उद्देश्यमा विश्वविद्यालयहरू केन्द्रित हुनु मनासिव नै हो । तर विद्यार्थीको आकर्षण र समयको मागलाई सम्बोधन गर्नका लागि विश्वविद्यालयले नयाँ-नयाँ कोर्सहरू निर्माण गरेर लागू गर्न पनि त सक्छ । अझ त्यसमा आजको पुस्ताका लागि आवश्यक रहेको सीपमूलक शिक्षा झनै टड्कारो आवश्यक देखिन्छ ।

यस्तो अवस्थामा विद्यार्थीलाई बुद्ध दर्शनतिर आकर्षित गर्नका लागि उनीहरूले रोजेका विषयहरू अध्यापन गराएर बुद्ध दर्शनका बारेमा पनि विषय समावेश गरेर कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ । अनि मात्र आजको पुस्ता आकर्षित हुन्छ । पढ्दापढ्दै काम गर्न खोज्ने आजको फास्टफुड पुस्तालाई दर्शन मात्र पढाउन खोजियो भने उनीहरूको भविष्यमाथिको प्रश्न पनि हो ।

दर्शन जोगाउने नाममा विश्वविद्यालयहरू कट्टर पनि हुनुहुँदैन । 'बौद्ध विश्वविद्यालय' नामकरण भएको आधारमा बुद्ध दर्शन मात्र अध्यापन गराउनुपर्छ भन्ने कुरा वैज्ञानिक हुन सक्दैन । बुद्धलाई धर्म र दर्शनसँग मात्र हामीले कैद गर्नुहुँदैन । यसको महत्त्व असीमित छ । आज बुद्धकै कारण नेपालको पर्यटन क्षेत्रले फस्टाउने अवसर प्राप्त गरेको छ । हामीले बुद्धलाई ध्यान र ज्ञानसँग मात्र जोड्ने होइन, यसको फराकिलो आयामलाई आत्मसात् गर्नुपर्छ । बुद्धलाई चीवर लगाउनेहरूका माझमा मात्र होइन, टाईसुट लगाउनेहरूका बीचमा पनि लैजान सक्नुपर्छ ।

बुद्ध नेपालमा जन्मिए भन्ने कुरा हाम्रो महत्त्वपूर्ण सम्पत्ति हो । विश्व समुदायलाई 'नेपाल टेक्न पाए हुन्थ्यो' भन्ने हुटहुटी जगाउने एउटा महत्त्वपूर्ण कुरा यो पनि हो । संसारभरका मानिसहरू बुद्ध जन्मेको भनेर लुम्बिनी हेर्नका लागि आइरहेका छन् । यसको मतलब यो होइन कि उनीहरू भन्ते नै बन्न चाहन्छन् वा बुद्ध दर्शनलाई गहिरोसँग अध्ययन गर्न चाहन्छन् । लुम्बिनी विश्वभरका बुद्ध धर्मप्रति आस्था राख्नेहरूको केन्द्र मात्र होइन, पर्यटकीय क्षेत्र पनि हो ।

यहाँ आउने पर्यटकहरूलाई उचित आतिथ्यता प्रदान गर्नु हाम्रो दायित्व हो । बुद्ध दर्शन पनि जानेको कुनै विद्यार्थीले पर्यटनका बारेमा पनि जानकारी राख्यो भने त्यसले पर्यटनको विकासमा महत्त्वपूर्ण भूमिका बहन गर्न सक्छ । हामीले एकतर्फी नभई बहुआयामिक दृष्टिकोण अपनाउनु आजको आवश्यकता हो । बुद्धको शान्ति र अहिंसाको सन्देशलाई पर्यटनको प्रवर्धनसँग जोड्न सके मात्र हामीले राष्ट्रिय अर्थतन्त्रमा टेवा पुऱ्याउन सक्छौं ।

विश्वविद्यालयहरूले समयानुकूल आफूलाई परिवर्तन गर्दै लैजानुपर्ने हुन्छ । कुनै पनि कार्यक्रम सञ्चालन गर्नका लागि यो स्वायत्त पनि हुन्छ । विश्वविद्यालयले उत्पादन गरेको जनशक्ति कस्तो छ ? विद्यार्थीको आकर्षण कस्तो छ ? यस विषयमा गहिरो मन्थन गर्नुपर्छ । 'यो बाहेक अरू गर्नुहुँदैन' भन्ने रुढताले विश्वविद्यालयसँगै समग्र उच्च शिक्षालाई कमजोर बनाउँछ ।

*(साभार: अनलाइनखबर)*

# विदेशमा रहेको पुँजी आयोगका लागि सकस

✍ श्यामप्रसाद मैनाली

नेपालमा भ्रष्टाचार व्याप्त छ । संस्थागतरुपमा भ्रष्टाचार सुदृढ भएको भनाइ कुनै कालखण्डका प्रधानमन्त्रीको स्तरबाट पनि संसद्मै अभिव्यक्त भएका थिए । कुनै प्रधानमन्त्रीले संसद्को रोस्टममा उभिएर देशमा संस्थागत भ्रष्टाचार व्याप्त छ भन्ने अभिव्यक्तिसमेत दिइएको देश पनि नेपाल नै हो । टीआईले पटक-पटक आफ्नो प्रतिवेदनमार्फत नेपालमा अत्यन्त ठूलो भ्रष्टाचार भइराखेको तथ्य प्रस्तुत गर्दै सतर्क बनाउँदै आएको छ । विद्वानहरूको कलम युद्ध भ्रष्टाचारका विरुद्ध अत्यन्त ज्यादा चलेको छ ।

प्रधानमन्त्रीहरू सबैको नारा भ्रष्टाचार विरुद्ध शून्य सहनशीलतामा नै छ । शासन सत्तामा रहेका शासकहरू र त्यस्ता शासकका स्थायी संयन्त्रको विशेष गरी नीतिगत तहमा रहने र जनसम्पर्क अत्यधिक हुने केन्द्रहरूमा कार्यरतहरूबाट व्यापक भ्रष्टाचार भइराखेको पाइन्छ । थुप्रै ऐनहरू भ्रष्टाचार नियन्त्रणका लागि प्रयोगमा आइराखेका छन् । संस्थागत संरचनाहरू पनि मनग्य छन् । तर नेपालको भ्रष्टाचार हरेक वर्ष बढिराखेको देखिन्छ । भ्रष्टाचार नियन्त्रण गर्ने काममा धेरै सफलता हासिल गर्न अल्प अवधिमा सकिँदो रहेनछ । विभिन्न देशहरूका अनुभवहरुले यही सिद्ध गरेको छ ।

नेपालमा लामो समयसम्म भ्रष्टाचारलाई संस्थागत बनाउन सिन्डिकेट नै कायम गरियो । ठूला र शक्तिशाली राजनीतिक दलहरूका शीर्षस्थहरुले पालैपालो शासन सत्ता सञ्चालन गर्दा भ्रष्टाचारलाई नियन्त्रण गर्न खासै चासो दिएनन् । यसको विपरीत नीतिगत भ्रष्टाचारको आवरणमा ठूला-ठूला भ्रष्टाचारका काण्डहरू नेपालमा घट्दै गए । ती घोटालाहरूमा संलग्न हुनेहरू पटक-पटक शासन सत्तामा पुगी नै रहे । दण्डहीनताले उत्कर्ष परिस्थिति निर्माण गऱ्यो । यही कारणले गर्दा नेपाली जनतामा अत्यन्त ठूलो निराश, कुण्ठा र आक्रोश बढ्दै गयो । उनीहरुले विशेष गरी राजनीतिकर्मीहरुलाई अत्यन्त बढी आलोचना र विरोध गर्दै गए । जनताको असन्तुष्टिको परिणाम ब्यालेट वा विद्रोहबाट हुन्छ । नेपालमा आन्दोलन र ब्यालेट दुवैबाट शासन सत्ता अब्बल हिसाबले सञ्चालन गर्न नसक्नेहरूलाई बिदा गरिदिए । नेपालका युवा शक्तिलाई सार्वभौम जनताले एकपटक विश्वास गरेको अवस्था छ । यही परिवेशमा जनस्तरबाट पटक-पटक उठेका आवाजहरुलाई सम्बोधन गर्न सम्पत्ति छानबिन आयोग गठन भई कार्यादेश प्राप्त गरेको छ ।

**आयोगको कार्यादेश** :

यसअघि गठन भएका आयोगहरू र समितिहरूभन्दा यो आयोग केही भिन्न देखिएको छ । यसले प्राप्त गरेको कार्यादेश बृहत् छ । दुई चरणमा छानबिन गर्न भनिएको छ । पहिलो चरणमा २०६२/०६३ देखि ०८२/०८३ सम्मका प्राय: सबै सार्वजनिक पदाधिकारीहरूलाई कार्यादेशले समेटेको छ । दोस्रो चरणमा २०४८ सालदेखि २०६२/०६३ सम्मका सार्वजनिक पदाधिकारीहरूको सम्पत्ति छानबिन गर्ने भनिएको छ । सम्पत्ति छानबिन गर्दा केही उच्च पदस्थहरूलाई अनिवार्य रुपमा छानबिनको दायरामा राखिएको छ ।

केहीलाई समाजमा भड्किलो हिसाबले दिनचर्या व्यतीत गरिराखेका र अकुत सम्पत्ति आर्जन गरेको आशंका भएका सार्वजनिक पदाधिकारीहरू जो-कोहीका विरुद्ध पनि सर्वसाधारण नागरिकहरुले सूचना दिन सक्ने व्यवस्था गरिएको छ । यसअघिका आयोगले प्राय: उच्चपदस्थ कर्मचारीहरूलाई मात्र त्यो पनि निजामती सेवाकालाई बढी प्राथमिकतामा राखी छानबिन गरेको थियो । यस आयोगले न्याय सेवाका पूर्वअधिकृतहरू, पूर्वन्यायाधीशहरू, नेपाली सेनाका उच्च पदस्थहरू, सार्वजनिक संस्थानका उच्च पदस्थहरू, सांसदहरु, मन्त्रीहरू, मुख्यमन्त्रीहरु, प्रधानमन्त्रीहरु सबैलाई अनिवार्यरुपमा छानबिन दायराभित्र राख्ने गरी कार्यादेश प्रदान गरेको छ ।

कार्यालय प्रमुखको भूमिकामा रहेका राजपत्र अनङ्कित प्रथम श्रेणीसम्मका राष्ट्रसेवक कर्मचारीहरूलाई पनि आयोगको कार्यक्षेत्रले समेटेको छ । आयोगले ठूलो मात्रामा भ्रष्टाचार गरी अकुत सम्पत्ति आर्जन गर्नेहरूले विदेशमा गरेको लगानी र विभिन्न बैंक तथा वित्तीय संस्थाहरूमा गरेको बचतसमेतको गम्भीरताका साथ छानबिन गर्नुपर्नेछ । यस अर्थमा वर्तमान छानबिन आयोग २०५८ सालमा गठन भएको आयोगभन्दा शक्तिशाली र पृथक छ ।

**आयोगले सामना गर्नुपर्ने जटिलताहरू** :

आयोगको कार्यक्षेत्र अध्ययन गर्दा करिब १० हजारदेखि १५ हजारसम्म सार्वजनिक पदाधिकारीहरूको सम्पत्ति छानबिन गर्नुपर्ने देखिन्छ । अकुत सम्पत्ति आर्जनको सन्दर्भमा यदि देशभित्र रहेका सम्पत्तिहरूको मात्र छानबिन गर्ने कार्यमा आयोग सीमित बन्न पुग्यो भने यसले आफ्नो प्राप्त कार्यादेश अनुरूपको कारबाहीहरूलाई प्रभावकारी बनाउन सक्दैन । यसका निष्कर्षहरू र सुझावहरू अत्यन्त सतही बन्नेछन् । त्यसैले देशबाहिर पलायन भएको पुजीको पहिचान गरी त्यसको विस्तृत अनुसन्धान गर्न सक्दा मात्र यथार्थमा आयोगको उपादेयता प्रमाणित हुन्छ ।

आयोगले प्राप्त गरेको कार्यसम्पन्न अवधि अत्यन्त छोटो छ । यस अवधिमा कार्यादेश उल्लेख भएका सम्पूर्णबाट विवरण लिई ती विवरणहरूको आधिकारिक स्रोतहरूसँग भिडाई प्रमाणित गर्ने काम सम्पन्न गर्न कठिन हुने देखिन्छ । किनकि उजुरीहरूका आधारमा पनि छानबिन अघि बढाउनुपर्ने हुन्छ । कतिपय सार्वजनिक पदमा रहेकाहरूले अवकाश प्राप्त गरेको लामो अवधि भइसकेको छ । उनीहरूसँग यो संस्थागत र व्यक्तिगत स्मरणको अभाव हुन सक्छ । तथ्य र प्रमाणहरू पेस गर्न नसक्दा अमुक व्यक्ति दोषी प्रमाणित हुन्छ । प्रमाणित गर्नका लागि सबै तथ्यहरु संकलन गर्न पनि लामो समय लाग्छ । यसतर्फ आयोगको ध्यान जानु जरुरी हुन्छ । उदाहरणका लागि ५५-५६ सालतिर अवकाश प्राप्त गरेका अथवा सार्वजनिक जिम्मेवारीबाट विमुख भएकाहरू थोरै मात्र जीवित हुन्छन् । २०५६ सालमा अवकाश उमेर पुगेका व्यक्ति २०८३ सालमा आइपुग्दा ८२-८३ वर्षका वृद्ध र अशक्त बनिसकेका हुन्छन् । उनीहरूका सन्ततिहरुले सबै तथ्य र प्रमाणहरु पेस गर्न अत्यन्त कठिन बन्दछ । यसमा आयोगले विवेक पुऱ्याई कानुनसम्मत कार्यप्रक्रिया निर्धारण गर्नुपर्छ ।

नीतिगत स्तरका भ्रष्टाचारले देशलाई कंगाल बनाएको छ । यो भ्रष्टाचार राजनीतिक तहबाट मात्र हुन्छ । साथ दिने कलाकारका रुपमा राष्ट्रसेवक कर्मचारीहरु हुन सक्छन । राजनीतिज्ञहरूले आफूलाई अभयदान प्राप्त गरेको विशिष्ट वर्गका रुपमा राखिरहेका छन् । उनीहरूसँग रहेको सम्पत्तिको स्रोतहरू प्रमाणित हुन कठिन हुन्छ । वर्तमान समयमा सरकारमा रहेका मन्त्रीहरूको सम्पत्ति पनि अकुत देखिएको छ । सबैभन्दा पहिला सरकारबाट नै छानबिन प्रारम्भ गर्नुपर्दछ ।

यो उदाहरण प्रस्तुत गर्न आयोग सक्षम हुँदा मात्र आयोग र सरकारप्रति जनताको विश्वास र आस्था कायम रहन्छ । यसका लागि आयोगका पदाधिकारीहरूले सबैभन्दा पहिला सरकारमा रहेका मन्त्रीहरू र वर्तमान सांसदहरूको सम्पत्ति विवरण लिएर छानबिन प्रारम्भ गर्नुपर्छ । सरकारमा रहनेहरुले आफ्ना सम्पत्ति र त्यसलाई प्रमाणित गर्ने स्रोतहरूसहित आम नागरिकलाई स्वेच्छाले सार्वजनिक गरिदिँदा यो कदम उदाहरणणीय हुनेछ । यसका लागि सरकारमा रहनेहरूको तत्परता कुन हदसम्म छ ? यसको परीक्षण हुने नै छ । यो राजनीतिक इच्छाशक्तिको प्रश्न हो ।

**विदेशमा रहेको अवैध सम्पत्ति फिर्ता हुने सम्भावना** :

देशमा भ्रष्टाचार गरी आर्जन गरेको कालोधन विदेशका विभिन्न बैंक तथा वित्तीय संस्थाहरूमा बचत गरिराखेको चर्चा भइराखेको छ । यस्ता चर्चा पञ्चायती कालहरुमा पनि पम्फाका नामबाट अत्यन्त ज्यादा भइराखेको थियो । तर २०४६ सालबाट आजका दिनसम्म आइपुग्दा उक्त सम्पत्ति राज्यले पहिचानसम्म पनि गर्न सकेको छैन । यो कार्य जटिल हुनुको पछाडि केही कारणहरू छन् । बैंकहरुले उनीहरुसँग रहेको अमुक व्यक्तिको सम्पत्ति अवैध हो भन्ने विश्वसनीय आधारहरुको अभावमा उपलब्ध गराउन मिल्दैन । यो बैंकिङ मूल्य मान्यताभित्रको विषय हो । स्थापित ठूला-ठूला बैंकहरुले यस मान्यतालाई कडाइका साथ पालना गरी आएका छन् । विश्वभरका तानाशाहहरू र भ्रष्टाचारीहरूका कालो धन सुरक्षित गरिदिने बैंकको रुपमा स्विस बैंक अत्यन्त बढी चर्चामा रहेको छ । यस बैंकले गोपनीयतालाई कडाइका साथ कार्यान्वयन गरेकाले आफ्ना ग्राहकहरूलाई विश्वस्त बनाउन सकेको हो । यही कारणले ठूलो मात्रामा रकम भित्र्याउन सफल भएको हो । यसमा स्विस बैंकले र यस्तै प्रकृतिका अन्य बैंकहरूले समझदारी गर्न सहज मान्दैनन् ।

अमुक व्यक्तिको बारेमा अत्यन्त गहन अनुसन्धान गरेर प्राप्त निष्कर्षलाई अन्तर्राष्ट्रिय क्षेत्रका विभिन्न बैंकहरुलाई उपलब्ध गराई विश्वस्त बनाउन सक्नुपर्छ । यस अवस्थामा मात्र स्विस बैंकजस्ता बैंकहरूले उनीहरुसँग रहेको रकमको बारेमा सूचनासम्म दिन सक्छन् । रकमको पहिचान गर्न नै छानबिन आयोगलाई अत्यन्त लामो समय लाग्छ । उनीहरुले लिने सहयोग भनेकै दुईपक्षीय कूटनीतिक सम्बन्ध कायम भएका देशहरूको राजदूतहरुमार्फत हो । यो कूटनीतिक माध्यमले सम्बन्धित देशको सरकार समक्ष अनुरोध गर्ने हो । त्यो अनुरोधपश्चात् उक्त देशको विद्यमान ऐन कानुनअनुसार मात्र रकमका बारेमा निर्णय लिने हुन् ।

दुई देशका बीचको आपसी कानुनी सहायतासम्बन्धी समझदारी औपचारिक रुपमा हुनुपर्दछ । नेपालले यो समझदारी हालका दिनसम्म स्विस सरकारसँग गरेको छैन । सरकारी स्तरमा वार्ता गर्नका लागि नै यो समझदारी नहुँदासम्म कठिन हुन्छ । नेपालमा प्रचलित कानुनअनुसार जुन स्तरको अपराध मानिन्छ अन्य देशहरूको कानुनले त्यसलाई सोही रुपमा ग्रहण नगरेको हुन सक्छ ।

यसले पनि भोलिका दिनमा समस्या ल्याउन सक्छ । अन्तर्राष्ट्रिय कानुन कुन हदसम्म मैत्री छ ? अध्ययन गरी त्यसका आधारमा कारबाही अघि बढाउनुपर्दछ । उदाहरणका लागि भ्रष्टाचारविरुद्ध संयुक्त राष्ट्र संघीय महासन्धिको दफा ५१ र दफा ५७ यस प्रयोजनका लागि आकर्षित हुन्छन् । दफा ५१ मा अर्को देशका नागरिकहरूले आफ्नो देशको बैंकमा वा अन्य प्रयोजनमा लगाएको रकमको बारेमा सो रकम पहिचान गर्न सहयोग गर्नुपर्ने व्यवस्था छ । दफा ५७ मा त्यस्तो रकम प्रमाणित भएमा सम्बन्धित देशलाई फिर्ता गर्नुपर्छ भन्ने व्यवस्था स्पष्ट छ । यी दुई धाराहरू नै नेपालको सम्पत्ति छानबिन आयोगले आधार बनाएर विदेशमा रहेको सम्पत्तिको पहिचान र फिर्ता लिने कार्य अघि बढाउनुपर्दछ ।

विदेशी बैंकहरूमा रहेको अवैध सम्पत्तिलाई स्वदेशमा फिर्ता गर्न केही देशहरुले गरेका प्रयास र सफलताको उल्लेख गर्नु सान्दर्भिक हुन्छ । बंगलादेशमा शेख हसिनाको सरकार अपदस्थ भएपश्चात् ठूलो मात्रामा रकम स्विस बैंकमा जम्मा भएको पहिचानसम्म गर्न उक्त देश सफल भएको छ । तर हालका दिनसम्म पनि सो रकम बांगलादेश फिर्ता हुनेतर्फ खासै प्रगति हुन सकेको छैन । फर्डिनान्ड मार्कसले फिलिपिन्समा भ्रष्टाचार गरेर स्विस बैंकमा थुपारेको रकम फिर्ता गर्न एक दशक लाग्यो ।

नाइजेरियाले स्विस बैंकमा आफ्ना पूर्वशासकले राखेको अवैध रकम फिर्ता गर्न १५ वर्ष लाग्यो । सन् २००५ मा प्रारम्भ गरेको यो प्रयास सन् २०२० मा मात्र ४३ अर्ब अमेरिकी डलर फिर्ता गर्न सफल भएको थियो । मलेसियाले संयुक्त राज्य अमेरिकाबाट १० वर्षको अन्तरालमा सन् २०२१ मा १.२ अर्ब डलर फिर्ता लिएको थियो । कजाकिस्तानले संयुक्त राज्य अमेरिका र स्विस बैंकबाट आठ वर्षको अन्तरालमा सन् २०१५ मा ११५ मिलियन अमेरिकी डलर फिर्ता लियो । पेरुले पनि स्विस र अमेरिकी बैंकबाट १७० मिलियन डलर लामो अवधिको प्रयासपछि लिन सफल भएको थियो । यी दृष्टान्तहरूले स्विस बैंकलगायत विदेशमा रहेको पुँजी फिर्ता गर्न कति कठिन छ भन्ने स्पष्ट पारेको छ ।

**आयोगका लागि सुझावहरू** :

अनुसन्धानलगायतका कार्यहरू अघि बढ्दा लामो समय सत्तामा रहेकाहरूका विरुद्ध छानबिन गर्न आयोगलाई कठिन हुन सक्छ । किनकि अप्रत्यक्ष राजनीतिक दबाबको अवस्था सिर्जना हुन्छ । यसमा राजनीतिज्ञहरूको प्रतिबद्धताको स्तर कस्तो देखिएको छ ? यसले ठूलो भूमिका निर्वाह गर्छ । यस्तै वित्तीय काम कारबाहीसम्बन्धी कार्यदल (एफएटीएफ) ले नेपाललाई ग्रे-लिस्टमा राखेको छ । यस संस्थासँग सम्बन्ध सुदृढ गरी समन्वय गर्दा यो कालोधन पहिचान गर्न र फिर्ता गर्न अन्तर्राष्ट्रिय क्षेत्रमा प्रभावकारी समन्वय एवं पैरवी हुन सक्छ । नेपाल राष्ट्र बैंकसँग छानबिन आयोगको प्रभावकारी समन्वय कायम हुनुपर्दछ ।

*(साभार: न्यूज अफ नेपाल)*

दोस्रो बागमती साहित्य महोत्सव सुरु

# साहित्यको प्रवर्द्धन र संरक्षणमा प्रदेश सरकार तत्पर: मुख्यमन्त्री बानियाँ



साझाकुरा संवाददाता

हेटौँडा, १६ जेठ/ साहित्य, कला र संस्कृतिको प्रवर्द्धन, बागमती सभ्यताको संवर्द्धन' भन्ने नारासहित दोस्रो बागमती साहित्य महोत्सव शनिबारदेखि नारायणगढमा सुरु भएको छ ।

बागमती प्रदेश सरकारको संस्कृति तथा पर्यटन मन्त्रालयको आयोजना तथा भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठानको सहकार्यमा सुरु भएको महोत्सव विभिन्न सत्रमा छलफल, बहस र अन्तरक्रियासहित आइतबार सम्पन्न हुनेछ ।

महोत्सवको उद्घाटन गर्दै बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले साहित्यको प्रवर्द्धन र संरक्षणमा प्रदेश सरकार निरन्तर लागिपरेको बताएका छन् ।

'साहित्य, संस्कृति र परम्पराले नै देशको पहिचान जोगाएको छ । यसको संरक्षण र प्रवर्द्धन गर्नु हामी सबैको दायित्व हो ।' उनले भने । मुख्यमन्त्री बानियाँले जीवनका संघर्ष र अनुभवबाट नै उत्कृष्ट साहित्य सिर्जना हुने धारणा व्यक्त गरे ।

त्यसैगरी, प्रदेशका संस्कृति तथा पर्यटन मन्त्री सुरेश श्रेष्ठले साहित्य र पर्यटनबीचको सम्बन्धलाई बलियो बनाउनुपर्ने बताए । उनले भने, 'लाखे नाच, थारू समुदायको लाठी नाचलगायत सांस्कृतिक सम्पदालाई साहित्यको माध्यमबाट प्रवर्द्धन गरी पर्यटन विकासमा टेवा पुऱ्याउन आवश्यक छ ।'

सहकारी तथा गरिबी निवारण मन्त्री विनु रायमाझीले नेपाल प्रकृति र संस्कृतिको मौलिक पहिचान बोकेको देश भएको उल्लेख गर्दै कला र साहित्य राष्ट्रको आत्मा भएकाले यसको संरक्षण अपरिहार्य रहेको बताइन् ।

कार्यक्रममा भरतपुर महानगरपालिकाका कार्यवाहक प्रमुख चित्रसेन अधिकारीले हराउँदै गएका सांस्कृतिक मूल्य र परम्पराको संरक्षणमा साहित्यको महत्वपूर्ण भूमिका रहने बताएका छन् ।

'संस्कृति र साहित्यले नै समाजलाई दिशानिर्देश गर्न सक्छ । भौतिक संरचनाको विकासमात्र विकासको सूचक होइन ।' उनले भने । महोत्सवमा साहित्यका विभिन्न विधासम्बन्धी छलफल, बहस तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको छ । यसअघि वागमती प्रदेशस्तरीय साहित्यिक भेला धादिङमा आयोजना गरिएको थियो ।

बजेट २०८३/८४:

# चुरे संरक्षणमा बजेट कटौती, ढुंगागिट्टी उत्खननमा जोड




काठमाडौं/नीति तथा कार्यक्रममा चुरे संरक्षणबारे मौन रहेको सरकारले बजेटमा भारी कटौती गरेको छ । आर्थिक वर्ष २०८२/८३ मा चुरे क्षेत्र संरक्षणका लागि एक अर्ब ६९ करोड रुपैयाँ विनियोजन भएकोमा वर्तमान सरकारले आगामी आर्थिक वर्षका लागि करिब १ अर्ब मात्र विनियोजन गरेको छ ।

संघीय संसदमा आगामी आर्थिक वर्षको बजेट सार्वजनिक गर्दै अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले भने, 'चुरे तथा तराई मधेश क्षेत्रको जलचक्रलाई दिगो बनाउन पानीका स्रोत संरक्षण तथा पोखरी निर्माण, पहिरो नियन्त्रण, तटबन्ध निर्माण लगायतका क्रियाकलाप सञ्चालन गर्न करिब रु. १ अर्ब विनियोजन गरेको छु ।'

साथै 'औद्योगिक विकास' शीर्षकमा वातावरणीय दृष्टिकोणले उपयुक्त देखिएका ठाउँ पहिचान गरी ढुंगा, गिट्टी, बालुवा उत्खनन तथा प्रशोधन आपूर्तिको व्यवस्था मिलाउने बजेट वक्तव्यमा उल्लेख छ । यसबाट चुरे दोहन बढ्ने चिन्ता सरोकारवालालाई छ ।

चुरे संरक्षण अभियन्ता सुनिल यादव पानीको समस्या झेलिरहेका तराई मधेशका बासिन्दालाई वर्तमान सरकारले डिप ट्युबेलको व्यवस्था गर्ने भने पनि भूमिगत पानी रिचार्ज हुने चुरेकै दोहन गर्ने गरी बजेट आएको टिप्पणी गर्छन् ।

वर्तमान सरकारले पनि चुरेको संवेदनशीलता नबुझेको उनी बताउँछन् । 'पहिलेका सरकारले त बुझेनन्-बुझेनन्, पढेलेखेकाहरु भएको अहिलेको सरकारले पनि चुरे मरुभूमीकरण बनिरहेको बुझेनन्,' यादव भन्छन्, 'आगामी आर्थिक वर्षको बजेट हेर्दा यो सरकारको दृष्टिकोण पनि चुरेप्रति सही देखिएन ।'

चुरे पर्वत श्रृंखलाले नेपालका ७७ जिल्लामध्ये ३७ जिल्लाका भूभाग ओगटेको छ । जैविक विविधता र पानीका स्रोतका हिसाबले चुरे संवेदनशील मानिन्छ । तर तराई मधेश क्षेत्रमा पानीका स्रोत सुक्नु र कृषि उब्जनी ह्रास आउनुमा चुरे दोहन प्रमुख कारण रहेको जानकारहरु बताउँछन् ।

त्यसैले यादव नेतृत्वको एक समूह चुरे संरक्षणका लागि सरकारलाई झकझकाउने उद्देश्यले महाकालीदेखि प्रदर्शन गर्दै काठमाडौं आएर माइतीघरमा प्रदर्शन गर्दै आएको छ । दुई वर्ष अघि पनि यादव नेतृत्वको समूहले काठमाडौंमा रित्ता घैंटा र बाल्टीसहित प्रदर्शन गरेको थियो ।

**एमालेको बाटो समातेको बालेन बजेट**

एमालेका हालका उपाध्यक्ष एवं पूर्व अर्थमन्त्री विष्णु पौडेलले आर्थिक वर्ष २०७८/७९ को बजेट वक्तव्य मार्फत खानीजन्य ढुंगा, गिट्टी, बालुवा निकासी गरी व्यापार घाटा न्यूनीकरण गर्ने नीति ल्याएका थिए । बजेट वक्तव्यको १९९ नम्बर बुँदामा लेखिएको छ, 'वातावरणीय प्रभाव मूल्यांकनका आधारमा खानीजन्य ढुंगा, गिटी, बालुवा निकासी गरी व्यापार घाटा न्यूनीकरण गरिनेछ । निकासी गरिने खानीजन्य निर्माण सामग्रीको परिवहनका लागि उद्योगदेखि निकासी विन्दुसम्म रोपवे निर्माण गर्न आयातमा लाग्ने भन्सार महसुलमा छुट दिने व्यवस्था मिलाएको छु ।'

बजेटको यो व्यवस्थालाई लिएर त्यतिबेला सरकारको चौतर्फी आलोचना भएको थियो । प्रतिपक्षी गठबन्धनमा रहेका नेपाली कांग्रेस, तत्कालीन नेकपा माओवादी लगायतले वक्तव्य नै जारी गरेर सरकारको विरोध गरेका थिए ।

त्यसो त एक दशक अघि नै नदीजन्य पदार्थको अनियन्त्रित दोहन रोक्नुपर्ने मागसहित दायर रिटमा सर्वोच्च अदालतले वातावरण विनाशको मूल्य चुकाएर आर्थिक विकास स्वीकार्य नहुने ठहर गरेको थियो । कानुन व्यवसायी नारायण देवकोटालगायतले दायर गरेको रिटमा सर्वोच्च अदालतका तत्कालीन न्यायाधीश बलराम केसी र भरतराज उप्रेतिको संयुक्त इजलासको फैसलामा भनिएको थियो, 'वातावरण प्रदूषण वास्तवमा राज्यको खराब सामाजिक आर्थिक नीतिको कारण नै हुने हो । यदि यस पुनित कार्यमा कार्यपालिकाले आफ्नो संवैधानिक कर्तव्य पालना गर्न ढिलाइ गर्छ वा पछि पर्छ भने नागरिकहरूको मौलिक हकको अभिभावक अदालत चुप लागेर बस्न हुँदैन । वातावरण जोगाउने यस अदालतले पाएको संवैधानिक दायित्व पूरा र पालना गर्नुपर्ने हुन्छ ।' यति हुँदाहुँदै पनि चुरेको सवालमा एमालेकै जस्तो बाटो अहिलेको सरकारले समातेको भन्दै सरोकारवालाले विरोध जनाएका छन् ।

**"चुरे संरक्षणको सवालमा प्रतिगामी बजेट"**

पर्यावरणीय लोकतन्त्रका लागि नागरिक अभियानका संयोजक नरेन्द्र खतिवडा चुरेको बजेट कटौती र उत्खननको विषयलाई सरकारको प्रतिगामी कदम ठान्छन् ।

'बालेन आफैं तराई क्षेत्रबाट निर्वाचित भएकाले र मधेशका अधिकांश सिट जितेका जनप्रतिनिधि पनि यही सरकारको नेतृत्व गरेको पार्टीका भएकाले यो सरकारबाट अलि बढी अपेक्षा थियो । तर चुरे संरक्षणको सवालमा अपेक्षाकृत हुन सकेन,' खतिवडाले अनलाइनखबरसँग भने, 'यो त प्रतिगामी नै भयो ।'

चुरे जोगाउन २०७१ साल असार २ गते विकास समिति ऐन २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी 'राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति (गठन) आदेश २०७१' जारी गरिएको थियो । २०७४ सालमा २० वर्षे चुरे तराई मधेश संरक्षण तथा व्यवस्थापन गुरुयोजना तयार पारिएको थियो । उक्त गुरुयोजनाका लागि २ खर्ब ४९ अर्ब ७० करोड १९ लाख बजेट प्रस्ताव गरिएको थियो ।

*(स्रोत: अनलाइनखबर)*

## सडक, ऊर्जा, पर्यटन, शिक्षा...

सरकारले आगामी वर्षमा नुवाकोटको टोखा-छहरे सुरुङमार्ग, सिन्धुलीको खुर्कोट चियाबारी सुरुङमार्गको विस्तृत सम्भाव्यता अध्ययन गर्ने घोषणा गरेको छ ।

सरकारले सिन्धुलीको सुनकोशी मरिन डाइभर्सनको कामलाई तीव्रता दिने, नुवाकोट रसुवा जोड्ने गल्छी-स्याफ्रुबेसी-रसुवागढी सडक स्तरोन्नतिका लागि १ अर्ब ३५ करोड विनियोजन गरिएको छ । सिन्धुपाल्चोकस्थित मेलम्ची खानेपानी आयोजनाको दीर्घकालीन समाधानका लागि यांग्री र लार्के खोलाबाट पानी पथान्तरण गर्ने अध्ययन सम्पन्न गर्ने गरी बजेट व्यवस्था गरेको छ । सरकारले दोलखास्थित तामाकोशी-५ जलविद्युत् आयोजना र रामेछापको खिम्ती-बाह्रबिसे-काठमाडौं प्रसारण लाइन निर्माणलाई बजेटले प्राथमिकता दिएको छ ।

काभ्रेको पाँचखाल विशेष आर्थिक क्षेत्रमा महिला उद्यमीलाई प्राथमिकता दिने, काठमाडौंको गोकर्णेश्वरलाई विश्व सम्पदा सूचीमा समावेश गर्न पहल गर्ने र पदमार्ग (ग्रेट हिमालयन ट्रेल) को विकास गर्ने सरकारले बजेटमा घोषणा गरेको छ ।

सरकारले बागमती प्रदेशका विभिन्न जिल्लामा २८० खानेपानी आयोजना सम्पन्न गर्ने र उपत्यकाभित्र विद्युतीय तार भूमिगत गर्ने कार्यलाई निरन्तरता दिन बजेट छुट्याइएको छ ।

काठमाडौं उपत्यकाको खानेपानी व्यवस्थापनका लागि 'काठमाडौं उपत्यका खानेपानी लिमिटेड' लगायतका निकायलाई गाभी एकीकृत संरचना बनाउने घोषणा गरिएको छ ।

सरकारले हेटौंडा लगायतका प्रमुख सहरहरूमा खानेपानी र ढल निर्माण तथा प्रशोधन कार्यक्रम सञ्चालन गर्न २ अर्ब ३४ करोड विनियोजन गरिएको छ ।

# निजीमा पढ्ने विद्यार्थीलाई ३ प्रतिशत कर, अभिभावक र सञ्चालकको भर्त्सना

काठमाडौं/सरकारले बाजेटमार्फत निजी क्षेत्रबाट सञ्चालित शिक्षण संस्थाले विद्यार्थीबाट असुल गर्ने सबै प्रकारका शुल्कमा ३ प्रतिशतका दरले शिक्षा समता शुल्क लगाई असुल उपर गर्ने घोषणा गऱ्यो ।

शुक्रबार अर्थमन्त्री स्वर्णिम वाग्लेले प्रस्तुत गरेको बजेटमा भनिएको छ, 'दुर्गम क्षेत्रमा शिक्षा तथा स्वास्थ्य पूर्वाधार निर्माण र सेवा विस्तारमा सघाउ पुऱ्याउन निजी क्षेत्रले प्रदान गर्ने शिक्षा तथा स्वास्थ्य सेवामा न्यूनतम दरमा समता शुल्क लगाउने ।'

सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयकको दफा १६ मा शिक्षा समता शुल्क निजी क्षेत्रबाट सञ्चालित शिक्षण संस्थाले विद्यार्थीबाट असुल गर्ने सबै प्रकारका शुल्कमा अनुसूची-७ बमोजिम शिक्षा समता शुल्क लगाई असुल उपर गर्ने भनेको छ ।

यस्तो शुल्क गुणस्तरीय शिक्षामा पहुँच र शैक्षिक पूर्वाधार निर्माणमा खर्च गरिने भनिएको छ । स्पष्टीकरणमा भनिएको छ, 'यस दफाको प्रयोजनको लागि 'निजी क्षेत्रबाट सञ्चालित शिक्षण संस्था' भन्नाले तालीम तथा पुनर्ताजगी तालिम प्रदान गर्ने संस्था बाहेक निजी क्षेत्रबाट सञ्चालित विश्वविद्यालय, महाविद्यालय, विद्यालय तथा प्राविधिक शिक्षालय लगायत जुनसुकै किसिमको शिक्षा प्रदान गर्ने निकाय सम्झनु पर्छ।'

**निजी विद्यालयको भर्त्सना**

शिक्षामा समता शुल्क लगाएकोमा निजी विद्यालय संचालक र अभिभावकले विरोध जनाएका छन् । समता शुल्क कार्यान्वयन गर्न नसकिने भएकाले खारेज गर्न उनीहरूले माग गरेका छन् ।

'समता शुल्क भनेर निजी विद्यालयलाई ठोकेको छ । हरेक शुल्कमा ३ प्रतिशत भनेको छ । अभिभावकलाई पनि अफ्ट्यारो पाऱ्यो', एनप्याब्सन अध्यक्ष सुवास न्यौपानेले भने, 'यो प्रावधाको भर्त्सना गर्दछौं ।' शिक्षाको स्तरोन्नतिको सट्टा जनतालाई अन्याय गर्नेगरी समता शुल्क आएको उनको निष्कर्ष छ ।

'जनतालाई अन्याय गर्न मिल्दैन । सरकारले जिम्मेवारी लिनु पर्ने हो । विद्यार्थी अभिभावक र विद्यालयलाई कस्न मिल्दैन', उनले भने, '१० प्रतिशत छात्रवृत्ति दिएका छौं । सुकुम्बासीलाई अफ्ट्यारो पर्दा पढायौं । भुकम्प कोभिडमा सगयोग गरेका छौं । अफ्ट्यारोमा सधैं सहयोग गर्छौं । तर यसरी शुल्क लगाउन मिल्दौन', उनले भने ।

निजी विद्यालय संचालक संघ संस्थाले आधिकारिक धारणा सार्वजनिक गर्ने तयारीमा छन् । 'बाबुराम भट्टराईको समयमा पनि ५ प्रतिशत लगाउने भनेर आएको थियो । कार्यनयन गर्न गाह्रो भएको थियो । फेरि ३ प्रतिशत आएको छ । कार्यान्वयन कसरी गर्न सकिन्छ के हुन्छ भनेर छलफल गर्छौं', प्याब्सन महासचिव आरबी कटुवालले भने ।

अभिभावक पनि सन्तुष्ट छैनन् । विद्यार्थीको शुल्कमा ३ प्रतिशत लगाउदा मारमा पर्ने भएकाले कार्यान्वयन गर्न कठिन हुने अभिभावकहरू बताउछन् ।

'शिक्षामा कर लगाउनु राम्रो होइन । आम्दानीमा कर लगाउने हो । शुल्क विद्यार्थी अभिभावकले तिर्ने हो । पढ्न आउदा कर लगाउने स्वभनिय हुँदैन', अभिभावक महासंघका निवर्तमान अध्यक्ष सुप्रभात भण्डारीले भने । संविधानले नै अनिवार्य र नि:शुल्क शिक्षा भनेकाले समत शुल्क लिन नहुने तर्क उनको छ ।

'अधिकारमाथि कर लगाउन मिल्दैन । निजी स्कुलको आम्दानी छ भने कर लगाउन पाइयो', उनले भने, 'छात्रवृत्तिको दायरा फराकिलो गरेको भए हुने हो । सरकारले सामुदायिक स्कुल राम्रो बनाए धेरै निजि सुकेर जान्छन् ।'

समता शुल्क भनेको हुन सक्नेले तिर्ने र नहुनेलाई पढाउने अवधारणामा आएपनि कार्यनयन गर्न चुनौती देख्छन् सरोकारवाला निकायहरू । '२०५९ सालमा शिक्षा सेवा कर लगाएको थियो । प्राइभेटले एक रुपैयाँ नि हालेनन । पछि खारेज भयो', भण्डारीले भने, 'कार्यान्वयन गर्न कठिन र चुनौती पनि छ ।'

शिक्षा मन्त्रालयका प्रवक्ता शिवकुमार सापकोटा समता शुल्कलाई सामाजिक उत्तरदायित्वको रुपमा बुझ्न आग्रह गर्छन् । 'यो सामाजिक उत्तरदायित्व (सीएसआर ) जस्तै हो । कार्यान्वयन गर्नेबारे एउटा विधि आउँछ', उनले भने ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# किवानिज क्लबको बज्रबाराहीमा आँखा शिबिर

साझाकुरा संवाददाता

हेटौँडा, १६ जेठ/थाहा नगरपालिका वार्ड नं ६ बज्रबाराही स्थित एइओएन स्कुलका बालबालिका, शिक्षक र अभिभावकको आँखा परीक्षण शिबिरसम्पन्न भएको छ ।

बालबालिकाको क्षेत्रमा कार्यरत अन्तर्राष्ट्रिय संस्था किवानिज क्लब मकवानपुरको आयोजना, किवानिज क्लब नीलगिरीको सौजन्यमा विद्यालयमा अध्ययन गर्ने बालबालिकाको आँखा परीक्षण शिबिर संचालन भएको हो ।

किवानिज क्लब मकवानपुरका वर्ष २०२५/२६ का अध्यक्ष गोबिन्दप्रसाद प्याकुरेलको सभाध्यक्षतामा भएको कार्यक्रममा किवानिज क्लव ईन्टरनेशनलका बोर्ड अफ ट्रूस्टी मोहन लम्सालको प्रमुख आतिथ्यता रहेको थियो । बालबालिकाको क्षेत्रमा काम गर्ने संस्थाको रुपमा सन २०१५ देखि नेपालमा सक्रिय रहेको यो संस्थाले १८ वर्ष मुनीका बालबालिकालाई शिक्षा, स्वास्थ्य, खेलकुद, नेतृत्वविकास लगायतका क्षेत्रमा सघाउने कार्यक्रमका सहभागीले बताएका छन् । मानिसका लागि आँखा, कान, मुटु जस्ता महत्वपूर्ण अंगको अवस्थाबारे समयमै जानकारी लिन सके भविष्यमा ठूलो नोक्सानी हुनबाट जोगाउने बताइएको छ । यस्तो शिबिर दुर्गम क्षेत्रका बालबालिकालक्षित गरी संचालन गर्नु जरुरी रहेको सहभागीले बताए ।

कार्यक्रममा किवानिज नेपालका भाइस गभर्नर भरतप्रसाद ढुंगेल, किवानिज नेपालका एलटी गभर्नर राजकुमार न्यौपाने, किवानिज क्लव मकवानपुरका संस्थापक अध्यक्ष तीर्थराज पराजुली, किवानिज वर्ष २०२६/२७ का अध्यक्ष भानुभक्त आचार्य, किवानिज क्लब मकवानपुरका सदस्य अधिवक्ता ललिता श्रेष्ठ, विद्यालयका अध्यक्ष श्यामकृष्ण जोशीलगायतको आतिथ्यता रहेको थियो । नेपाल आँखा अस्पताल त्रिपुरेश्वरका नेतबिज्ञ टोलीले शिबिरमा सहभागी विद्यार्थी अभिभावकको आँखा परीक्षण गरी आवश्यक औषधि र चस्मा नि:शुल्क बितरण गरिएको थियो ।

# रास्वपा बागमतीको सभापतिमा पाख्रीन सर्वसम्मत



साझाकुरा संवाददाता

हेटौँडा, १६ जेठ/ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बागमती गाउँपालिका कार्यसमिति मकवानपुरको सभापतिमा सुजन पाख्रीन सर्वसम्मत चयन भएका छन् । शनिबार सम्पन्न पालिका अधिवेशनले पाख्रीनलाई सभापतिमा सर्वसम्मत चयन गरेको हो ।

पाख्रीन पालिकाका संस्थापक सभापतिसमेत हुन् । पाख्रीनको सभापतित्वमा ११ सदस्यीय पालिका कार्यसमिति चयन भएका छन् ।

समितिको उपसभापतिमा तारा विश्वकर्मा, सचिवमा उद्धप तिमल्सिना, सह-सचिवमा माधव घोरासैनी र कोषाध्यक्षमा निर्मल तिमल्सिना घोषित भएका छन् । यस्तै, सदस्यहरुमा रविना राई, होमबहादुर आले, लक्षु बोम्जन, मनकुमारी थोकर, आइतेसिं थोकर र शेरबहादुर केसी चयन भए ।

बागमती-८ स्थित शान्तिपुरमा भएको अधिवेशनलाई केन्द्रीय नेता तोसिमा कार्की, मकवानपुर-१ बाट निर्वाचित प्रतिनिधिसभा सदस्य प्रकाश गौतम र सुनिता राईलगायत नेताहरुले सम्बोधन गरेका थिए ।

# क्रसर सामग्री खरिदका लागि बागमती गाउँपालिकाका टिम भारतमा



साझाकुरा संवाददाता

हेटौँडा, जेठ १६ गते/ मकवानपुरको बागमती गाउँपालिकाले आफैले क्रसर उद्योग सञ्चालनको लागि तयारी गरिरहेको छ । क्रसर सामग्री खरिदका लागि बागमती गाउँपालिकाका टिम भारतमा पुगेर कम्पनीसँग सम्झौता र छलफल गरेका छन् ।

बागमती गाउँपालिकाले क्रसर उद्योगका लागि आवश्यक सामग्री खरिदका लागि भारतको गुजरात, वडोदरा स्थित श्री अम्बिका इन्जिनियरिङ कम्पनीसंग छलफल र सम्झौता गरेको छ ।

उक्त छलफलमा बागमती गाउँपालिकाका अध्यक्ष सर्केश घलान, उपाध्यक्ष फणिन्द्रकुमार तिमल्सिना, वडाध्यक्ष, कार्यपालिका सदस्यहरू, वरिस्ठ लेखा अधिकृत झम्क नारायण घलान तथा मेकानिकल इन्जिनियर आदित्य अधिकारी सहभागी छन् ।

छलफलका क्रममा स्पेसिफिकेसन अनुसार सामग्रीको परिमाण तथा गुणस्तर एकिन गरिएको छ । साथै, कम्पनीबाट उत्पादन हुने सामग्री मर्स्याङ्दी एप्लाइड जेभी मार्फत् ल्याई जडान गर्ने विषयमा समेत सहमति भएको छ ।

स्थलगत अनुगमनका क्रममा मेकानिकल ईन्जिनियरद्वारा चेकजाँच गराएका क्रसर प्लान्टको सामाग्रीहरु फरक पर्न गएमा अस्विकार गर्ने निर्णयसमेत गरिएको जनाइएको छ ।



# तामाङ मातृभाषा सम्भोटा लिपि सम्बन्धी पाँच दिवसीय प्रशिक्षण सम्पन्न

साझाकुरा संवाददाता

हेटौँडा, १६ जेठ/ मकवानपुरको बागमती गाउँपालिकामा आयोजना भएको तामाङ मातृभाषा सम्भोटा लिपिसम्बन्धी पाँच दिवसीय शिक्षक प्रशिक्षण कार्यक्रम' शुक्रबार सम्पन्न भएको छ ।

शिक्षा तथा मानव स्रोत विकास केन्द्र, पाठ्यक्रम तथा सामग्री शाखा, सानोठिमी भक्तपुरको आयोजना तथा बागमती गाउँपालिका, मकवानपुरको समन्वय र सहकार्यमा सञ्चालित उक्त कार्यक्रम जेठ ११ गतेदेखि सुरु भएको थियो ।

बागमती गाउँपालिका अन्तर्गत्का २५ जना शिक्षक तथा दुईवटा गुम्बाका प्रशिक्षार्थी सहभागी रहेको उक्त तालिममा तामाङ मातृभाषा, सम्भोटा लिपिको प्रयोग, पाठ्यवस्तु अध्यापन विधि, व्यावहारिक शिक्षण सीप तथा मातृभाषा शिक्षाको प्रभावकारी कार्यान्वयनसम्बन्धी विविध विषयमा प्रशिक्षण प्रदान गरिएको थियो ।

पाँच दिवसीय तालिमको सहजीकरण प्रशिक्षक सिंहबहादुर योञ्जन तामाङ र सुन्दर योञ्जनले गरेका थिए । समापन कार्यक्रममा वक्ताहरूले नेपालको संविधानले सुनिश्चित गरेको मातृभाषामा शिक्षा प्राप्त गर्ने अधिकारलाई व्यवहारमा कार्यान्वयन गर्न स्थानीय तह, विद्यालय र शिक्षकबीचको समन्वय अपरिहार्य रहेको धारणा व्यक्त गरे । विशेषगरी तामाङ समुदायको बाहुल्यता रहेको बागमती गाउँपालिकाले कक्षा १ देखि तामाङ मातृभाषा सम्भोटा लिपिमा पठनपाठन सुरु गर्नु उदाहरणीय र ऐतिहासिक कदम भएको उल्लेख गर्दै यसको प्रभावकारी कार्यान्वयनमा शिक्षकहरूको भूमिका सबैभन्दा महत्वपूर्ण रहने उनीहरूको भनाइ थियो ।




वक्ताहरूले मातृभाषा शिक्षा केवल भाषिक अभ्यास नभई समुदायको इतिहास, संस्कृति, पहिचान र सभ्यताको संरक्षणसँग प्रत्यक्ष रूपमा जोडिएको विषय भएको उल्लेख गरे । उनीहरूले मातृभाषामा शिक्षणले बालबालिकाको सिकाइ उपलब्धि वृद्धि गर्नुका साथै आत्मपहिचान र सांस्कृतिक गौरवलाई समेत सुदृढ बनाउने विश्वास व्यक्त गरे ।

प्रशिक्षार्थीहरूले तालिम अत्यन्त उपयोगी, उपलब्धिमूलक र प्रेरणादायी रहेको प्रतिक्रिया दिएका छन् । उनीहरूले पाँच दिने तालिमले आधारभूत ज्ञान तथा व्यवहारिक सीप विकासमा महत्वपूर्ण योगदान पुऱ्याए पनि विषयगत दक्षता अभिवृद्धिका लागि थप उन्नत तथा दीर्घकालीन तालिम आवश्यक रहेको औंल्याएका छन् । साथै मातृभाषा शिक्षाको विस्तार र प्रभावकारी कार्यान्वयनमा आफूहरू थप प्रतिबद्ध र उत्साहित बनेको बताएका छन् ।

कार्यक्रमको सञ्चालन तथा सहजीकरण बागमती गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाका प्रमुख प्रकाश चन्दले गर्नुभएको थियो ।

स्थानीय तह र संघीय निकायबीचको सहकार्यमा सञ्चालन भएका यस्ता कार्यक्रमले मातृभाषा शिक्षाको संस्थागत विकास, भाषिक विविधताको संरक्षण तथा भावी पुस्तामा सांस्कृतिक पहिचान हस्तान्तरण गर्न महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ ।

बागमती गाउँपालिकाको सामाजिक विकास समितिका संयोजक कमान सिं पाख्रिनको सभाध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि शिक्षा तथा मानव स्रोत विकास केन्द्र, शैक्षिक प्रविधि तथा अनौपचारिक शिक्षा महाशाखाका निर्देशक तथा सूचना अधिकारी निम प्रकाश सिंह राठौर, निर्देशक निलकण्ठ ढकाल तथा बागमती गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत ओम बहादुर दर्जी, शिक्षा तथा मानव स्रोत विकास केन्द्रका शैक्षिक योजना तथा विकास महाशाखा तथा शैक्षिक प्रविधि तथा अनौपचारिक शिक्षा महाशाखाकी शाखा अधिकृत गीता भारती लगायतकाको अतिथ्यता रहेको थियो ।

# पेट्रोलियम विक्रेता संघको अध्यक्षमा इटेनी निर्विरोध निर्वाचित

साझाकुरा संवाददाता

हेटौँडा, जेठ १६ गते/ नारायणी पेट्रोलियम विक्रेता संघ, हेटौँडाको अध्यक्षमा उत्सव इटेनी निर्विरोध निर्वाचित भएका छन् । संघको शनिबार हेटौँडामा सम्पन्न १४ औं वार्षिक साधारणसभा तथा अधिवेसनले इटेनीलाई पुन: अध्यक्षमा निर्वाचित गरेको हो ।

संघको वरिष्ठ उपाध्यक्ष ठाकुर भट्टराई, उपाध्यक्ष दीपेन्द्र बर्तौला, सचिव विष्णुहरि पण्डित, सहसचवि उत्तम खड्का र कोषाध्यक्ष रामजी कोइराला निर्वाचित भएका छन् । संघको कार्यसमिति सदस्यहरुमा रामेश्वर श्रेष्ठ, अभिषेक बर्तौला, राजु बिडारी, मनोजकुमार शाह निर्वाचित हुनुभएको छ भने पदेन सदस्यमा किशोर शर्मा कँडेल रहेका छन् ।

**पत्रकार दाहाल र विष्ट सम्मानित**

नारायणी पेट्रोलियम विक्रेता संघ, हेटौँडाले मकवानपुरका पत्रकारद्वय प्रताप विष्ट र राममणि दाहाललाई सम्मान गरेको छ ।

पेट्रोलियम विक्रेता संघको वार्षिक साधारणसभाका अवसरमा संघले पत्रकारद्वय विष्ट र दाहाललाई सम्मान गरेको हो । मकवानपुर जिल्लामा रहेर जिल्लाको आर्थिक एवम् सामाजिक क्षेत्रको विकासमा पत्रकारिताको माध्यमबाट महत्वपूर्ण योगदान पुऱ्याएको भन्दै दाहाललाई राजन थापा स्मृति पत्रकारिता पुरस्कार र विष्टलाई बलराम दास स्मृति पत्रकारिता पुरस्कारबाट सम्मान गरिएको हो । नेपाल पेट्रोलिय डिलर्स राष्ट्रिय एसोसियसनका अध्यक्ष लिलेन्द्रप्रसाद प्रधानले कार्यक्रममा पत्रकार दाहाल र विष्टलाई जनही ११ हजार १११ रुपियाँ राशिको पुरस्कारसहित सम्मान गर्नुभएको थियो ।

यसअघि संघको साधारसभाको उद्घाटन गर्दै नेपाल पेट्रोलिय डिलर्स राष्ट्रिय एसोसियसनका अध्यक्ष लिलेन्द्रप्रसाद प्रधानले पेट्रोलियम पदार्थको कारोवार अत्यावश्यक पदार्थमा पर्ने र यो सेवामूलक व्यवसाय भएको भन्दै पेट्रोल पम्प २४ सैं घण्टा खुल्नुपर्ने व्यवस्था भएसँगै निगमका डिपोहरुपनि नियमित गर्नुपर्ने माग गरेका छन् ।

नेपाल आयल निगम मधेश प्रादेशिक कार्यालय, अमलेखगञ्जका कार्यालय प्रमुख अशोक शाहले निगममा निगमले चुनौतीका बिच पेट्रोलियम पदार्थको बिक्री व्यवस्थालाई सुनिश्चित गरेको भन्दै पेट्रोलियम पदार्थ बिक्रेताको निजी सवारीबाट ढुवानी गर्न पाइने बताए ।

पेट्रोलिय डिलर्स राष्ट्रिय एसोसियसनका महासचिव विश्वप्रसाद अर्यालले पेट्रोलियम पदार्थको अहिले आपूर्तिमा समस्या नभएको भन्दै लगानी र जोखिमको आधारमा मुनाफा पाउनुपर्ने बताए । चितवन पेट्रोलियम डिलर्स एसोसियसनका अध्यक्ष शर्मिला सेढाईले सूचना सबैको अधिकार भएको भन्दै आयल निगमलाई सूचना नलुकाउन र पारदर्शिता अपनाउन आग्रह गरे ।

नारायणी पेट्रोलियम विक्रेता संघ, हेटौँडाका अध्यक्ष उत्सव इटेनीको अध्यक्षतामा भएको कार्यक्रममा मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष प्रमोदसिंह रानाभाट, नारायणी यातायात व्यवसायी संघका अध्यक्ष हीरालाल श्रेष्ठ, पेट्रोलियम विक्रेता संघका पूर्वअध्यक्ष सिद्धिलाल श्रेष्ठ, सल्लाहकार ढुण्डीराज उप्रेती, वरिष्ठ उपाध्यक्ष रामेश्वर श्रेष्ठ, बागमती पेट्रोलियम विक्रेता संघका अध्यक्ष अच्युत खड्का, रौतहट पेट्रोलियम विक्रेता संघका अध्यक्ष महेश दासलगायतले बोलेका थिए ।

# समयमै दूधको भूक्तानी हुनु पर्ने चौघडाका किसानको माग



साझाकुरा संवाददाता

हेटौँडा, १६ जेठ / हेटौडा-६ चौघडामा रहेको बंशगोपाल दुग्ध उत्पादक सहकारी संस्थाका दुग्ध उत्पादक किसानहरुले दूधको भुक्तानी समयमै हुनु पर्ने बताएका छन् ।

बंशगोपाल दुग्ध उत्पादक सहकारी संस्थाद्वारा आयोजित अध्ययन अवलोकन भ्रमणको समिक्षा तथा संस्थाको भावी कार्यक्रममा सहभागी दुग्ध उत्पादक किसानहरुले समयमै दूधको भुक्तानी नहुदा घरपरिवार सञ्चालन गर्न र छोराछोरीहरुलाई पढाउन समेत कठिनाई परेको गुनासो गरे ।

किसानहरुले संस्थाबाट समयमै पशु आहारको उपलब्धता, पशुको विमा, औषधि, उपचार, बचत तथा ऋणको कारोवारलाई अझ ब्यवस्थित गर्न माग गरे ।

संस्थाले सरोकारवालाहरुसंग समन्वय गरि घासको ब्यवस्थापन, दुग्धजन्य पदार्थ विक्री वितरणको ब्यवस्था, कार्यालय, ब्यवस्थापन, पशुहरुमा लाग्ने विभिन्न प्रकारको रोगको समयमै उपचारको ब्यवस्था, संस्था सरसफाइमा विशेष ध्यान दिन समूहगत रुपमा सुझाव दिएका थिए ।

संस्थाका संस्थापक अध्यक्ष हरिप्रसाद सिग्देलको प्रमुख आतिथयता एवम् संस्थाका अध्यक्ष रामहरि चौलागाईको सभाध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो ।

कार्यक्रममा संस्थाका सल्लाहकार बासुदेव अधिकारी, बचत उपसमिति सदस्य गोपालचन्द्र भट्टराई, सञ्चारकर्मी भीमसेन पौडेल, सञ्चालक समिति, सल्लाहकार, विभिन्न उपसमिति, शेयर सदस्य, कर्मचारी लगायतको सहभागिता रहेको थियो । संस्थामा ३ सय ३० जना शेयर सदस्य र ५ सय ६५ जना रहेको ब्यवस्थापक लक्ष्मण सापकोटाले बताए ।

श्री निर्मल माध्यमिक विद्यालय
हेटौंडा–१९, बस्तिपुर
ADMISSION OPEN Class-11
कक्षा–११ मा भर्ना खुल्यो
शिक्षा | कम्प्युटर साइन्स
व्यवस्थापन | मानविकी | कानुन
सम्पर्क: ९८५५०३०८८७, ९८५५०६७७९९, ९८४५०७१७८८, ९८४५०७१६५८

"सफा ट्यांकी, स्वस्थ जिन्दगी"

तपाईको पानी ट्यांकी कत्तिको सुरक्षित छ ?

कहिले याद गर्नु भएको छ ? बाहिरबाट स्वस्थ र सफा देखिए पनि ट्यांकी भित्र धुलो, हिलो, लेउ र किटाणुको भण्डार भई दुषित त छैन ?

याद गर्नुहोस् है

हामीले दुषित पानीबाट ब्रस वा मुख धुने, नुहाउने, खाना पकाउने, पिउने जस्ता कार्यहरु गरिरहेका छौं भने, प्राय रोगहरु दुक्षित पानीका कारण स्वास्थ्यमा धेरै समस्य देखा पर्न सक्दछ ।

- डायरिया
- कालो झाडा
- टाइफाइट
- हेपाटाइटिस ए
- स्किन यन्फेक्सन,

साथै अन्य जलजन्य रोगहरु लाग्न सक्दछ ।



अब तपाईको घरदैलोमा सस्तो र भरपर्दा सफाई सेवा लिएर आएका छौ, अत्याधुनिक प्रविधि उपकरणबाट सफाई गर्छौं । अब ढिला नगरौं आजै आफ्नो ट्यांकी सफा गरी आफ्नो र परिवारको स्वास्थ्य जोगाउनुहोस् ।

छत/भूमिगत पानी ट्यांकी सफाई सेवा


थप जानकारीको लागि

इनर्जेटिक सर्भिसिज प्रा.लि.

९८२७२८३०३०, ९७६१७१९६९९, ९८५५०६७१११

आकर्षक घडेरी बिक्रीमा

हेटौंडा वडा नं. १ स्वर्गलोक, हेटौंडा मोडल अस्पताल पछाडि




सम्पर्क:
९८५१०८९६३४ (मुकुन्द कार्की)
९८४४५०५३४९ (श्री लामा)

सामाजिक सञ्जाल प्रयोगमा सतर्कता अपनाऔं

- ☞ जातीय, धार्मिक, सामाजिक र साम्प्रदायिक सद्भावमा खलल पुऱ्याउने कार्य नगरौं,
- ☞ राष्ट्रिय सुरक्षा र राष्ट्रिय एकतामा आँच आउने कार्य नगरौं,
- ☞ कुनै व्यक्ति वा संस्थाको प्रतिष्ठा, मर्यादा र आत्मसम्मानमा ठेस पुऱ्याउने कार्य नगरौं,
- ☞ जातीय भेदभाव, छुवाछुत, श्रम र आत्मसम्मानप्रति अवहेलना हुने कार्य नगरौं,
- ☞ शान्ति सुरक्षामा खलल पुग्ने कार्य नगरौं,
- ☞ प्रचलित कानूनले रोक लगाएका सामग्रीहरूको प्रकाशन, प्रसारण र प्रदर्शन गर्ने कार्य नगरौं,
- ☞ जनमानसमा भ्रम सिर्जना गर्ने कार्य नगरौं.

पोष्ट, शेयर, ट्याग, हयासट्याग गर्दा सतर्कता अपनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सबिन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना